आज मिति २०७९ साल जेष्ठ ३० गते सोमवारका दिन अखिल नेपाल फुटवल संघ (ANFA) अन्तर्गत गठित निर्वाचन पुनरावेदन समितिको बैठक समितिका संयोजक श्री विष्णु लुइटेलज्यूको अध्यक्षतामा एन्फा सचिवालयको भवनको कार्यकक्षमा बसी निम्न बमोजिमको प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम हुने गरी सर्वसम्मत निर्णय गरियो ।

**उपस्थितिः**

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री विष्णु लुइटेल | संयोजक | |
| २. | श्री सुधा रिजाल | उप-संयोजक | |
| ३. | श्री केशरमणी अर्याल | सदस्य | |

**छलफलका प्रस्तावहरुः**

१. एन्फा निर्वाचन समितिले गरेको मतदाता नामावलीका विषयमा परेको दावी विरोध उपरका निर्णयहरुमा चित्त नबुझाई परेका पुनरावेदन उपर सुनुवाई गरी अन्तिम निकासा दिने सम्बन्धमा ।

२. विविध

**निर्णयहरुः**

**निर्णय नं. १:**

१. प्रस्ताव नं. १ का विषयमा छलफल गर्दा अखिल नेपाल फुटवल संघ (ANFA) निर्वाचन समितिले मतदान प्रतिनिधिहरुको वैधताको विषयमा पेश भएका दावी विरोध

उपर यहि मिति २०७९।०२।१८ गते गरेको निर्णयहरुमा चित्त नबुझाई देहाय अनुसार पुनरावेदकहरुले यस समिति समक्ष पुनरावेदनपत्र पेश गरेको पाइयो र पेश भएका पुनरावेदनपत्रहरुमा पुनरावेदकहरुको पुनरावेदन जिकिर उपर सुनुवाई गरी निम्नानुसार सर्वसम्मत निर्णय गरियो:

क) पुनरावेदक विष्णु कुमार ढकालले दिनु भएको पुनरावेदनपत्रको पुनरावेदन जिकिर उपर विचार गर्दा सिन्धुली जिल्ला फुटवल संघको अधिवेशनका विषयमा अखिल नेपाल फुटवल संघ केन्द्रिय कार्यालयले मिति २०७९।०१।१९ मा गरेको निर्देशन तथा पुनरावेदनपत्र साथ पेश भएका प्रमाण कागज हेर्दा उक्त निर्देशन पालना नगरी आफूखुशी प्रतिनिधि छनौट गरेको देखिएको हुंदा शुरु निर्वाचन समितिले मिति २०७९।०२।१८ गते गरेको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

ख) नेपाल फुटवल महिला संघको हकमा निर्वाचन समितिको मिति २०७९।०२।१८ गतेको निर्णयमा चित्त नबुझाई सो संघका अध्यक्ष पेमा डोल्मा लामा तथा विना नवाच्छे श्रेष्ठले संयुक्त रुपमा पुनरावेदनपत्र पेश गरेको देखियो । सो पुनरावेदनपत्र अध्ययन गर्दा नेपाल फुटवल महिला संघको मिति २०७९।०१।२६ गतेको कार्य समितिको बैठकले अखिल नेपाल फुटवल संघको मिति २०७९।०३।०६ गते हुने निर्वाचनका लागि उक्त संघले मताधिकार प्रतिनिधिमा पेमा डोल्मा लामा र अन्य प्रतिनिधिमा विना श्रेष्ठलाई चयन गर्ने निर्णय गरेकोमा चयन भएका प्रतिनिधिहरुको नामावली एन्फा सचिवालयमा प्रतिनिधिको रुपमा अभिलेख नहुँदै उक्त संघको मिति २०७९।०१।२८ को कार्यसमितिको बैठकले पुन: अर्को निर्णय गरी विना नवाच्छे श्रेष्ठलाई मतदान प्रतिनिधिको रुपमा र सरस्वती श्रेष्ठलाई अन्य प्रतिनिधिको रुपमा चयन गरी एन्फा सचिवालयमा पत्राचार गरेको व्यहोरा सचिवालयबाट प्राप्त प्रमाणबाट पुष्टि भएको तथा अखिल नेपाल फुटवल संघमा महिलाको प्रतिनिधित्व गर्ने एकमात्र सदस्यको रुपमा नेपाल फुटवल महिला संघ रहेको देखिएकोले सो संघलाई मताधिकारबाट वंचित गर्दा महिलाको

प्रतिनिधित्व हुन नसक्ने भई नेपालको संविधानले अंगिकार गरेको समावेशीताको सिद्धान्तको मर्म र भावना विपरीत हुने भएको तथा अखिल नेपाल फुटवल संघको विधानको धारा १४ अन्तर्गत सदस्यले प्राप्त गर्ने मताधिकारबाट उक्त संघलाई वंचित गर्न उपयुक्त नदेखिएको हुंदा निर्वाचन समितिको मिति २०७९।०२।१८ को निर्णय उल्टी गरी पुनरावेदकको जिकिर तथा नेपाल फुटवल महिला संघको मिति २०७९।०१।२८ को निर्णय बमोजिम प्रतिनिधि भई आएका प्रतिनिधिहरुलाई मान्यता दिई मताधिकार दिने निर्णय गरियो ।

ग) फ्रेन्डस क्लवको हकमा क्लवबाट छनौट भई आएका मताधिकार प्रतिनिधिको मताधिकार कायम नहुने गरी निर्वाचन समितिको मिति २०७९।०२।१८ को निर्णयमा चित्त नबुझाई दिपक थापा क्षेत्रीले यस समिति समक्ष पुनरावेदनपत्र पेश गरेको देखियो । सो पुनरावेदनपत्रको पुनरावेदन जिकिर उपर छलफल गर्दा अखिल नेपाल फुटवल संघको विधानको धारा २६(५), एन्फा निर्वाचन निर्देशिका, २०२२ तथा FIFA को १८ मे २०२२ को परिपत्र समेतले निज पुनरावेदकलाई मतदान प्रतिनिधि हुन बन्देज गरेको नदेखिंदा निर्वाचन समितिको मिति २०७९।०२।१८ निर्णयबाट निजलाई मताधिकार प्रतिनिधिबाट हटाउने गरी गरेको निर्णय नमिलेको हुंदा उक्त निर्णय बदर हुने ठहर भई फ्रेन्डस क्लवका मतदान प्रतिनिधिले मताधिकार प्राप्त गर्ने निर्णय गरियो ।

घ) सिराहा जिल्ला फुटवल संघका तर्फबाट मतदान प्रतिनिधिको रुपमा चयन भई आएका प्रविण कुमार यादवको प्रतिनिधि कायम नहुने गरी निर्वाचन समितिको मिति २०७९।०२।१८ गतेको निर्णयमा चित्त नबुझाई पुनरावेदक प्रविण कुमार यादवले यस पुनरावेदन समिति समक्ष पुनरावेदन गरेको देखियो । उक्त पुनरावेदनपत्रमा पुनरावेदकको पुनरावेदन जिकिर उपर विचार गर्दा निज प्रविण कुमार यादव कार्य समितिको मनोनित सदस्यको हैसियतमा मिति २०७७।१०।०५, २०७७।१२।०९, २०७८।०९।२२,२०७८।१०।२०, मिति २०७८।१२।०२, २०७८।१२।१५ (विशेष साधारण सभा) लगायत विभिन्न बैठक तथा साधारण सभामा उपस्थित

भई जिम्मेवारी निर्वाह गरेको तथा निजले मनोनित केन्द्रीय सदस्यको पदीय हैसियतमा अखिल नेपाल फुटवल संघमा निरन्तर कार्य गर्दै आएको देखिएकोले निजलाई मताधिकार प्रनिनिधिको रुपमा कायम राख्न अखिल नेपाल फुटवल संघको विधानको परिभाषा खण्डको ९, १० र ११ तथा धारा २६(५) बमोजिम नमिल्ने भई निर्वाचन समितिबाट मिति २०७९।०२।१८ गते निज प्रविण कुमार यादवको नाम मतदाता नामावलीबाट हटाउने गरी भएको निर्णय मिलेकै देखिंदा सदर हुने टहर्छ, पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

ङ) निर्वाचन समितिले सरस्वती युवा क्लवका मताधिकार प्रतिनिधि उत्तम राज भण्डारीको नाम मतदाता सूचीबाट हटाउने गरी मिति २०७९।०२।१८ गते गरेको निर्णयमा चित्त नबुझाई निज उत्तम राज भण्डारीले यस समिति समक्ष पुनरावेदनपत्र पेश गरेको देखियो । निज पुनरावेदक उत्तम राज भण्डारीको पुनरावेदन जिकिर उपर विचार गर्दा अखिल नेपाल फुटवल संघको विधानको धारा २६(५) तथा एन्फाका महासचिव इन्द्रमान तुलाधरलाई संवोधन गरी FIFA द्धारा १८ मे २०२२ को परिपत्र समेतले निज पुनरावेदक संयोजक रहेको सामाजिक उत्तरदायित्व समितिको संयोजकको हैसियतमा मताधिकार प्रतिनिधिको रुपमा अखिल नेपाल फुटवल संघको साधारण सभामा भाग लिन बन्देज नगरेको अवस्था हुंदा हुँदै निर्वाचन समितिले असान्दर्भिक धाराहरु उल्लेख गरी गरेको निर्णय उल्टी गरी निज पुनरावेदक उत्तम राज भण्डारीलाई मिति २०७९।०३।०६ गते हुने निर्वाचनमा मताधिकार सहितको प्रतिनिधि कायम गर्ने निर्णय गरियो ।

च) मनकामना युवा क्लवबाट मताधिकार प्रतिनिधि नेपाल कार्कीको नाम हटाई पाउँ भनी पुनरावेदक अजय चौधरीले पेश गर्नु भएको पुनरावेदन जिकिर सम्बन्धमा अध्ययन गर्दा अखिल नेपाल फुटवल संघको विधानको धारा २० को उपधारा (३) अनुसार एन्फासँग आवद्ध भएका क्लवहरु एशोसियन वा अर्को कुनै समूहले उनीहरुको सदस्यताको वारेमा कुनै पनि विषयमा निर्णय गर्न स्वतन्त्र छन् भन्ने व्यवस्था रहेको हुंदा निजको नाम हटाई पाउँ भन्ने अजय चौधरीले गरेको दावी

विरोधको सम्बन्धमा निर्वाचन समितिबाट मिति २०७९।०२।१८ गते भएको निर्णयमा पुनरावेदनको रोहबाट कुनै विचार गरिरहनु परेन । पुनरावेदक अजय चौधरीको पुनरावेदन जिकिर पुग्न नसक्ने हुंदा निर्वाचन समितिबाट भएको उक्त निर्णय सदर हुने ठहर्छ ।

छ) निर्वाचन समितिलाई इमेलबाट प्राप्त भएको प्रमोद हमालको दावी विरोधको सम्बन्धमा निर्वाचन समितिबाट भएको मिति २०७९।०२।१८ मा भएको निर्णय हेर्दा मताधिकार प्रतिनिधिको कागजात र निर्णय पुस्तिकामा कीर्ते भएको भन्ने उल्लेख भई सद्दे कीर्ते छुट्याउने आफ्नो क्षेत्राधिकार नहुंदा दावी विरोधकर्ताको उजुरी खारेज हुने ठहर्‍याएको निर्वाचन समितिको निर्णयलाई कुनै परिवर्तन गरिरहन परेन । पुनरावेदक प्रमोद हमालको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

ज) पुनरावेदक विनोद खत्रीले पेश गरेको पुनरावेदन जिकिर सम्बन्धमा अध्ययन गर्दा दावी विरोध कर्ताको हस्ताक्षर विनाको दावी विरोधको सान्दर्भिकता नरहने भनी निर्वाचन समितिबाट भएको मिति २०७९।०२।१८ को निर्णय मिलेकै देखिंदा पुनरावेदक विनोद खत्रीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

निर्णय नं. २:

विविध (क) प्रस्तुत निर्णयको जानकारी अखिल नेपाल फुटवल संघ (एन्फा) को सचिवालय र सरोकारवालालाई दिनु ।

(ख) सरोकारवालाले निर्णयको प्रतिलिपी माग्न आएमा एन्फा सचिवालय माफर्त नियमानुसार उपलब्ध गराउनु ।

| | | |
|---|---|---|
| केशरमणी अर्याल | सुधा रिजाल | विष्णु लुइटेल |
| सदस्य | उप-संयोजक | संयोजक |